# स्वास्थ्य मन्त्रालयको दोस्रो चौमासिक अवधिसम्मको प्रगतिको विवरण

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौँडा, नेपाल

## स्वास्थ्य मन्त्रालयको दोस्रो चौमासिक अवधिसम्मको प्रगति विवरण

➢ **बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको चालु आ.व. २०८१/०८२ मा विनियोजित रकम ४ अर्ब ८ करोड ५ लाख १ हजार रहेको छ।**

| क्र.सं. | स्रोत | बजेट (रू हजारमा) | | | खर्च (रू हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | प्रदेश सरकार स्रोत | 2444353 | 519391 | 2963744 | १०४५८०८ | ११६८५४ | ११६२६६२ | ४२.७८ | २२.५ | ३९.२ |
| २ | सङ्घ सशर्त अनुदान | ९१३९५७ | 4100 | ९१८०५७ | २९११९४६ | २१७० | २९४११६ | ३१.९४ | ५२.९३ | ३२.०४ |
| ३ | सङ्घ विशेष अनुदान | ११८७०० | 80000 | १९८७०० | २१२९३ | ८०० | २२०९३ | १८ | १ | ११ |
| कुल जम्मा | | 3477010 | 603491 | 4080501 | 1359047 | 119824 | 1478871 | ३९.०९ | १९.८६ | ३६.२४ |

➢ **प्रदेश जनसंख्या नीति तयार गर्ने ।**

*प्रदेश जनसंख्या नीति निर्माणको प्रारम्भिक मस्यौदा तयार भएको।*

➢ **प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक योजना तयार गर्ने ।**

*मन्त्रालयस्तरमा विज्ञसहितको संयन्त्र गठन भई प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक योजनाको खाका/ढाँचा मस्यौदा भएको।*

➢ **बहुपक्षीय समन्वय र सहकार्यमार्फत मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्याको न्यूनीकरण अभियान सञ्चालन गर्ने ।**

- *मातहतका निकायहरु (स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र र जनस्वास्थ्य कार्यालयहरु) बाट मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्याको न्यूनीकरणका लागि कार्य भइरहेको।*
- *जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा "नसर्ने रोग रोकथाम र न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्धनसम्बन्धी जिल्लास्तरीय समन्वय समिति" गठन भएको।*
- *आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि विद्यालय नर्स परिचालन गर्न अभिमुखीकरण गरेको।*

- *काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकामा २०८१ असोजमा गएको बाढीपहिरोबाट प्रभावित समुदायको मानसिक स्वास्थ्य प्रवर्धनका लागि बहस, पैरवी तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको।*

➢ **गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निशुल्क हवाई उद्धार गर्ने ।**

*२ जनाको गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निशुल्क हवाई उद्धार कार्य भएको।*

➢ **स्थानीय तहसँगको सहकार्यमा ग्रामीण अल्टासाउण्ड मेसिन र तालिमको ब्यबस्था गरी ग्रामिण अल्टासाउण्ड सेवा विस्तार गर्ने ।**

*स्वास्थ्य तालिम केन्द्रबाट ग्रामीण क्षेत्रमा कार्यरत १५ जना स्वास्थ्यकर्मीलाई तालिम दिई स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट धादिङको रुबिभ्याली र बेनिघाट रोराङ गाउँपालिका, काभ्रेको महाभारत गाउँपालिका, ललितपुरको बागमती र चितवनको कालिका नगरपालिकामा पोर्टेबल अल्ट्रासाउण्ड मेसिन उपलब्ध गराइएको।*

➢ **सबै गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा नै प्रसूति हुने कार्यक्रम कार्यान्वयन गर्ने ।**

*बागमती प्रदेशका ११ जिल्लाका २४ स्थानीय तहमा विशेष अनुदानतर्फ पूर्ण संस्थागत सुत्केरी आयोजना सञ्चालन भइरहेको।*

*स्वास्थ्य तालिम केन्द्रबाट ६८ जनालाई SBA (दक्ष प्रसूतिकर्मी) तालिम प्रदान गरिएको।*

➢ **स्वास्थ्य संस्थामा सुत्केरी हुने र पूर्ण खोप लगाउने अति सिमान्तकृत एवम् लोपोन्मुख जातिका आमा र बालबालिकाहरुलाई उत्प्रेरणा खर्च प्रदान गर्ने ।**

*प्रदेशमा बसोबास गर्ने अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप लगाएका आमालाई रु. ५ हजार उत्प्रेरणा खर्च प्रदान गरिएको।*

➢ **संघीय सरकारसंगको सहकार्यमा किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको HPV खोप सेवा प्रदान गर्ने ।**

*संघिय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सहकार्यमा किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध Human Papilloma Virus खोप अभियान २०८१ माघ २२ गतेबाट सञ्चालन भएको।फागुन २ गतेसम्म २ लाख ५६ हजार ४७० किशोरीहरूले खोप लिएको।*

➢ **प्रादेशिक अस्पताल तथा चिकित्सालयमा अत्यावश्यक औषधि तथा औजार उपकरणहरुको खरिद तथा आपूर्ति व्यवस्थापन गर्ने ।**

- *चितवन र धादिङमा Digital Mammography Machine बाट सेवा प्रवाह भइरहेको र चालु आ.व.मा भक्तपुर, हेटौँडा र त्रिशुली अस्पतालमा Digital Mammography Machine आपूर्तिको चरणमा रहेको ।*
- *प्रादेशिक अस्पताल तथा चिकित्सालयमा अत्यावश्यक औषधि तथा औजार उपकरणहरुको माग भए बमोजिम स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नियमित आपूर्ति भइरहेको र चालु आर्थिक वर्षमा रहेको कार्यक्रमअन्तर्गत खरिद प्रक्रिया भइरहेको।जनस्वास्थ्य कार्यालयहरूमार्फत स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा औषधी आपूर्ति भइरहेको।*

➢ **विपन्न नागरिकहरुका लागि क्यान्सर, मुटुरोग र मस्तिष्कघात उपचारमा सहुलियत प्रदान गर्ने।**

*बागमती प्रदेशका नागरिकहरुलाई क्यान्सर सेवाको उपचारका लागि ५० हजारको उपचार सहुलियत सम्बन्धित (१८ वटा सूचिकृत) अस्पतालहरुबाट प्रदान भइरहेको। हृदयघात रोग लागेका नागरिकहरुलाई शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, मनमोहन कार्डियोथोरासिक अस्पताल र भरतपुर अस्पतालमार्फत उपचार सहुलियत प्रदान भइरहेको।*

- **मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत विशेषज्ञ जनशक्ति तयार गर्ने ।**
  - *मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शैक्षिक वर्ष २०८१/८२ का लागि MD/MS का ७ वटा कार्यक्रमहरू (Anesthesiology, MDGP, General Surgery, Internal Medicine, Obs and Gynae, Ortho, Pediatrics) मा ८ सिट चिकित्सा शिक्षा आयोगबाट स्वीकृति प्राप्त भएको।*
  - *चिकित्सा विधाका स्नातक तहका चारवटा कार्यक्रम सञ्चालन भइरहेको*
    - *जनस्वास्थ्य*
    - *ल्याब टेक्नोलोजी*
    - *नर्सिङ*
    - *फार्मेसी*

- **सिमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित व्यक्तिलगायतका लक्षित बर्गको निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गर्ने ।**

  *सिमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित व्यक्तिलगायतका लक्षित बर्गको निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न १३ वटै प्रदेशमा रहेका स्वास्थ्य बीमा कार्यायिहरुबाट बिमित गर्नेको तथ्याङ्क यस मन्त्रालयमा प्राप्त भई स्वास्थ्य बिमा कार्यालय, बागमती प्रदेशसँग बिमा सम्झौता भईइ पेश्की स्वरुप रु ८ करोड २५ लाख भुक्तानी भएको।*

- **महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका सम्मान कार्यक्रम सञ्चालन गर्ने ।**

  प्रदेशभित्रका सबै महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका दिवसको अवसरमा रु ५००० सहित महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई सम्मान गरिएको।

- **प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र स्थानीय स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्ने ।**

  *स्वास्थ्य निर्देशनालयबाट नियमित रुपमा प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र स्थानिय स्वास्थ्य संस्थाहरुमा न्युनतम् सेवा मापदण्डको मुल्याङ्कन तथा अनुगमन भई कार्यान्वियमा रहेको।*

- **प्रादेशिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सायमा विद्युतिय मेडिकल अभिलेख, प्रणाली लागू गर्ने ।**
  - *२ वटा अस्पतालमा EMR पूर्ण रूपमा लागू गर्ने तयारी भएको।*
  - *प्रदेशभित्रका सबै अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूबाट दैनिक रूपमा प्रदान गरिने सेवाग्राहीहरूको विवरण, प्रयोगशाला विवरण, ICU, HDU, NICU,SNCU, Emergency, लगायत अन्य अन्तरङ्ग सेवाको विवरण, रेडियोलोजी सेवा, दैनिक रूपमा जम्मा हुने शुल्कको विवरण real time data उपलब्धताको लागि स्वास्थ्य मन्त्रालयमा digital dashboard निर्माण प्रक्रियामा रहेको ।*
  - *हेटौँडा अस्पतालमा ई–टिकटिङ्ग शुरुवात भएको।*

- **महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचार तथा जनस्वास्थ्य विपद्को पूर्वतयारी एवम् प्रतिकार्य गर्ने ।**
    - *प्रादेशिक स्वास्थ्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक भइरहेको।*
    - *७ वटा जिल्लामा जिल्ला स्तरीय स्वास्थ्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भएको।*
    - *सर्भिलेन्स प्रणाली सुदृढीकरण तथा महामारी नियन्त्रणका लागि प्रादेशिक, जिल्ला स्तरीय एवं स्थानीय तहका द्रुत प्रतिकार्य समूह (RRT) परिचालन गरिएको।*
    - *प्रदेशभित्र रहेका अस्पतालमा आपत्कालीन अवस्थाको व्यवस्थापनको पूर्वतयारी स्वरुप Drill अभ्यास गरिएको।*
    - *एम्बुलेन्स प्रेषण केन्द्र १०२ चौबीसै घण्टा सञ्चालनमा ल्याइएको।*

- **प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र स्थानीय स्वास्थ्य संस्थामार्फत मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।**

    *मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम परीक्षणको कार्य प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र स्थानिय स्वास्थ्य संस्थामार्फत नियमित रुपमा भइईरहेको।*

- **सबै नीतिमा स्वास्थ्य कार्यान्वियन निर्देशिका २०८१ कार्यान्वियन गर्ने ।**
    - *सबै नीतिमा स्वास्थ्य कार्यन्वियन निर्देशिका २०८१ कार्यान्वियन जनस्वास्थ्य कार्यालयहरु मार्फत अभिमुखिकरण कार्यक्रम भईरहेको।*
    - *प्रमुख सचिवज्यूको अध्यक्षतामा सबै नीतिमा स्वास्थ्य निर्देशक समितिको बैठक बसेको।*

- **मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट संचालित आयोजना कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।**

    *मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट सञ्चालित आयोजना कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन नियमित रुपमा भइईरहेको।*

- **कार्यालय संचालन तथा ब्यवस्थापनको निगरानी तथा सुपरिवेक्षण गर्ने ।**

    *कार्यालय संचालन तथा ब्यवस्थापनको निगरानी तथा सुपरिवेक्षण गर्ने कार्य भइरहेको साथै GIOMS, एकीकृत वेबसाइट र विद्युतीय हाजिरी कार्यान्वियन भइरहेको।*

**स्वास्थ्य मन्त्रालय र मातहतका ४५ निकायहरु दोस्रो चौमासिकसम्मको प्रगतिको विवरण**

१. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरूबाट सञ्चालन गरिने क्रियाकलापका लागि **कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८१** स्वीकृत गरी कार्यन्वयन गरिएको।

२. प्रदेश स्वास्थ्य सेवा (पहिलो संसोधन) ऐन, २०८१ प्रदेश सभाबाट पारित भई मिति २०८१/०७/०१ मा प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको।

३. प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८१ बागमती प्रदेश राजपत्रमा मिति २०८१/०८/२४ मा प्रकाशित भएको।

४. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१ बागमती प्रदेश राजपत्रमा मिति २०८१/०८/२४ मा प्रकाशित भएको।

५. स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धी मापदण्ड, २०८१ बागमती प्रदेश राजपत्रमा मिति २०८१/१०/०७ मा प्रकाशित भएको।

६. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७५ संसोधनका लागि प्रदेश सभामा पेश गरिएको।

७. बागमती प्रदेश सरकारले प्रतिबद्धता गरेको क्यानसर रोगको उपचार सहुलितको लागि प्रदेशभित्र रहेका विभिन्न १८ वटा अस्पतालहरु र हृदयघात रोगको उपचार सहुलियतको लागि भरतपुर अस्पताल, चितवन, मनमोहन कार्डियो थोरासिक भास्कुलर एण्ड ट्रान्प्लान्ट सेन्टर, काठमाण्डौं र सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, काठमाण्डौंसँग मिति २०८१ साल भदौ २ गते सम्झौता सम्पन्न गरी सोको पौष महिना सम्मको रकम भुक्तानी भएको।

८. मन्त्रालय र मातहतका सबै निकायहरु बीचको आ.व. २०८१/८२ को लागि कार्य सम्पादन सम्झौता सम्पन्न गरिएको।

९. समुदायस्तरमा प्रशामक स्वास्थ्य सेवा प्रदान गर्नका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग साझदेरी गरी सिन्धुली, धादिङ, रसुवा र नुवाकोट जिल्लाका २० वटा स्थानीय तहहरुमा कार्यरत ५० जना स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान गरिएको।

१०. नि:शुल्क ब्लड ब्याग कार्यकमको समिक्षा गरी नेपाल रेडक्रस सोसाइटी तथा सूचिकृत अस्पतालहरुसँग सम्झौता सम्पन्न गरी कार्यान्वयन गरिएको।

११. मन्त्रालय र मातहतका कार्यालयहरुका विभिन्न महाशाखा, शाखा, विभाग तथा तहाँ कार्यरत कर्मचारीको कार्यविवरणको अन्तिम मस्यौदा तयार गरिएको।

१२. मिति २०८१ साल असोज १० देखि १२ गते सम्मको अविरल वर्षा र वाढी, पहिरोको कारण हुन गएको धनजनको क्षति न्यूनिकरणको लागि उद्दार, राहात, उपचार, पुनर्स्थापनको कार्य प्रभावकारी रुपमा गरिएको। बाढी पहिरोको कारण घाइते भएका ११५ जनालाई प्रदेशभित्रका विभिन्न अस्पतालहरुमा नि:शुल्क उपचार गरिएको।

क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको नक्शाङ्कन गरी विवरण तयार गरिएको। बाढी पहिरोको कारण घाइते भएका १ जनालाई ललितपुर जिल्लाको बागमती गाउँपालिका अन्तरगत थाङ्सीङटा अस्पतालबाट हवाई उद्दार गरी पाटन अस्पतालमा उपचार गराइएको। काभ्रे जिल्लाको पनौती नगरपालिका वडा नं.१२ कलाँती भुमिडाँडामा MEDICAL TENT खडा गरी स्वास्थ्य सेवा सुचारु गरिएको।

१३. प्रदेश, जिल्ला र ७ जिल्लाका ५३ वटा स्थानीय तहमा विपद् द्रुत प्रतिकार्य समूह गठन गरिएको र स्थानीय तहका विपद् द्रुत प्रतिकार्य समूहलाई अभिमुखीकरण समेत गरिएको।

१४. **"गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको नि:शुल्क हवाइ उद्धार सेवा सम्बन्धि कार्यविधि, २०८०"** अनुसार बाढी तथा पहिरो प्रभावित स्थानीय तहबाट २ जना गर्भवती, सुत्केरी तथा नवजात शिशुहरुको हवाइ उद्धार गरिएको।

१५. प्रदेशका विभिन्न जिल्लाहरुमा फैलिएको डेङ्गु रोगको प्रकोपलाई न्यूनिकरण गर्न स्थानीय तहको समन्वय र सहकार्यमा "खोज र नष्ट गर" अभियान सञ्चालन गरिएको, संकास्पद लक्षण देखिएका बिरामीहरुको नि:शुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइएको।

१६. स्तन क्यान्सरको निदानको लागि धादिङ अस्पतालमा मिति २०८१ साल भदौ ११ गते देखि मेमोग्राम जडान गरी सेवा सुचारु गरिएको।

१७. त्रिशुली अस्पताल, नुवाकोट र सिन्धुली अस्पतालमा सी.टी. स्क्यान सेवा शुरुवात गरिएको।

१८. आयुर्वेद औषधी उत्पादन केन्द्रबाट अश्वगन्धा चूर्ण, सितोपलादि चूर्ण, आमलकि चूर्ण, अविपत्तिकर चूर्ण, त्रिफला चूर्ण, निम्वादि चूर्ण, विल्वादि चूर्ण गरी १० प्रकारका आयुर्वेद औषधी उत्पादन भई आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूमा वितरण समेत भएको।

१९. आँखा सम्बन्धी समस्याको पहिचान, उपचार र आवश्यकता अनुसार शल्यचिकित्सा समेत गर्ने गरी तिलगंगा आँखा अस्पतालसँग समन्वय गरिएको।

२०. **"एक विद्यालय एक नर्स कार्यक्रम"** बागमती प्रदेशका स्थानीय तहका ८४८ माध्यमिक विद्यालयमा विस्तार भएको।

२१. मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा मिति २०८१ कार्तिक १ गते देखि विद्युतीय नाम दर्ता प्रणालीको शुरुवात गरिएको।

२२. संविधान दिवस २०८१ को उपलक्ष्यमा मकवानपुर जिल्लाको बागमती गाउँपालिकाको वडा नं. १ मा गरिएको नि:शुल्क स्वास्थ्य शिविरमा २२७ जना व्यक्तिहरुलाई र चितवन जिल्लाको भरतपुर महानगरपालिका, वडा नं. २४ को ध्रुवमा २५३ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको र सोही उपलक्ष्यमा आयोजना गरिएको रक्तदान कार्यक्रममा २१ जनाद्वारा रक्तदान गरिएको।

२३. अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय लगायतका स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरुमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक कर्मचारीहरु करारमा व्यवस्थापन गरिएको।

२४. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा २०८१ साल भदौ १६ गते देखि शनिबार बाहेक हरेक दिन साँझ ४ बजेदेखि ६ बजे सम्म विशेषज्ञ सहितको विस्तारित स्वास्थ्य सेवा सुचारु गरिएको।

२५. मेथिनकोट अस्पतालमा शल्यक्रिया मार्फत प्रसूति गराउने सेवा सुरुवात गरिएको।

२६. मिति २०८१ साल श्रावण २४ गते प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापनको लागि सुविधा सम्पन्न भण्डारण कक्षको सञ्चालन गरिएको।

२७. प्रदेशका अस्पताल तथा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष नियुक्ति गरिएको।

२८. आर्थिक वर्ष २०८१/८२ मा सङ्घ विशेषअनुदानतर्फ पूर्ण संस्थागत सुत्केरी आयोजना र शहरी स्वास्थ्य कार्यक्रम कार्यान्वयन गरिएको।

२९. बागमती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गतको आयुर्वेद औषधि उत्पादन केन्द्रको नवनिर्मित भवनको समुद्घाटन गरिएको साथै र आयुर्वेद तथा बैकल्पिक चिकित्सालय चितवन र नुवाकोटमा अन्तरङ्ग सेवा शुरुवात गरिएको।

३०. धादिङ अस्पतालमा Laparoscopic Tower सहितको शल्यक्रिया सेवा शुरुवात गरिएको।

३१. नर्सिङ प्रमाणपत्र तह अध्ययन अध्यापन सम्भाव्यता अध्ययन गर्नका लागि गठित कार्यदलले कार्य गरिरहेको र सम्बन्धित अस्पतालहरूले स्वमूल्याङ्कन गरिरहेको।

३२. काठमाडौँ उपत्यकासहितका जिल्लाहरूमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिम पैरवी र अनुगमनका कार्यहरू भएको।

३३. प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् गठन तथा सञ्चालनका लागि नियमावली तयार गर्न गठित समितिले कार्य गरिरहेको।

३४. एम्बुलेन्स सेवालाई सुदृढीकरण गर्न एम्बुलेन्सको भाडादर निर्धारण गरी कार्यान्वयनका लागि १३ वटै जिल्लाका जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिलाई परिपत्र गरिएको।

३५. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट Anti-Rabies Vaccine खरिद गरी वितरण भएको।

३६. बघौडा अस्पताल, रामेछापको मन्थली, दोलखाको जिरी, सिन्धुपाल्चोकको मेलम्ची र सिन्धुलीको दुधौली अस्पताललाई क्रमशः स्तरोन्नति गर्न कार्यदल गठन भई स्थलगत अवलोकन सम्पन्न भएको र प्रतिवेदन प्राप्त भएको।

३७. बागमती प्रदेशका जनस्वास्थ्य प्रयोगशाला, अस्पतालहरू (१३ वटा ) र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरू (१३ वटा) मा प्रदान गरिने सेवाको सेवा शुल्क एकरुपताका लागि मन्त्रालयमा गठित स्वास्थ्य सेवा शुल्क सिफारिस समितिको बैठक बसी समितिले आवश्यक प्रि या अगाडि बढाएको।

३८. २१ डिसेम्बरमा विश्व ध्यान दिवस मनाइएको र "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" अभियान शुरुवात गरिएको।

३९. आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरू बाट मानसिक स्वास्थ्य प्रवर्द्धन, तनाव व्यावस्थापन, योग, ध्यान तथा शिरोधारा, पूर्व कर्म पंचकर्म सेवा प्रवाह भइरहेको।

४०. बागमती प्रदेश सभा सचिवालय, स्वास्थ्य मन्त्रालय र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुरको संयुक्त आयोजनामा मानसिक स्वास्थ्य प्रवर्धन, आत्महत्या न्यूनीकरण र स्वजागरण अभियान समपन्न गरिएको।


४१. मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौडा अस्पतालमा माननीय मुख्यमन्त्रीज्यू तथा माननीय स्वास्थ्य मन्त्री ज्यूबाट संयुक्त रुपमा मुटु रोग सेवाको शुभारम्भ गरिएको ।

४२. विभिन्न सात स्थानीय तहमा AI X-ray मार्फत १२२ जना क्षयरोगका बिरामी पहिचान गरी उपचार गरिएको।

# फोटो ग्यालरीः



*संयुक्त अधिराज्य बेलायतकी अधिराजकुमारी The Duchess of Edinburgh सोफीको भक्तपुर अस्पताल अवलोकन भ्रमण*







तयार गरिएको मितिः २०८१/१२/४


*रत्ननगर नगरपालिका-१, चितवनमा आयुर्वेद औषधी उत्पादन केन्द्र समुद्घाटन*






आयुर्वेद तथा बैकल्पिक चिकित्सालय नुवाकोटमा  माननीय मुख्यमन्त्री ज्यू तथा माननीय स्वास्थ्य मन्त्री ज्यूबाट संयुक्त रुपमा अन्तरंग सेवा शुभारम्भ






तयार गरिएको मितिः २०८१/१२/४






*रत्ननगर नगरपालिका-१, चितवनमा आयुर्वेद औषधी उत्पादन केन्द्र समुद्घाटन*






*रुबिभ्यली, धादिङ्गमा स्वास्थ शिविर तथा माननीय स्वास्थ्य मन्त्रीद्वारा ग्रामीण अल्ट्रासाउन्ड मेसिन हस्तान्तरण*



तयार गरिएको मितिः २०८१/१२/४



मदनभण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान हेटौडा अस्पतालमा माननीय मुख्यमन्त्री ज्यू तथा माननीय स्वास्थ्य मन्त्री ज्यूबाट संयुक्त रुपमा मुटु रोग सेवाको शुभारम्भ






तयार गरिएको मितिः २०८१/१२/४









तयार गरिएको मितिः २०८१/१२/४